काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड
# आयोजना कार्यान्वयन निर्देशनालय
अनामनगर, काठमाण्डौ

मितिः २०८३।०३।१८

प.सं.: ०८२/०८३
च.नं.: ११००

श्री पूर्वाधार विकास मन्त्रालय (खानेपानी),
सिंहदरबार, काठमाडौं।

विषयः थापाथलीस्थित बागमती नदी किनार तथा विष्णुमती करिडोर अन्तर्गतका उपयुक्त सरकारी जग्गा ढल प्रशोधन केन्द्र निर्माण तथा सञ्चालनका लागि उपलब्ध गराउने सम्बन्धमा।

उपरोक्त विषयमा यस निर्देशनालयबाट काठमाडौं उपत्यकाको फोहोरपानी व्यवस्थापनका लागि विभिन्न स्थानहरूमा जम्मा १४१ **MLD** क्षमताका ढल प्रशोधन केन्द्रहरू निर्माणाधीन रहेका छन्। तथापि, काठमाडौं उपत्यकाबाट सन् २०३० सम्म अनुमानित ३७१.४ **MLD** फोहोरपानी उत्सर्जन हुने प्रक्षेपण रहेको हुँदा हाल निर्माणाधीन संरचनाहरू मात्र भविष्यको आवश्यकता पूरा गर्न पर्याप्त नहुने देखिन्छ। साथै, मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरण सम्पन्न भएपछि काठमाडौं उपत्यकामा फोहोरपानीको परिमाण थप वृद्धि हुने हुँदा थप ढल प्रशोधन केन्द्र निर्माण आवश्यक देखिन्छ।

हाल थप ढल प्रशोधन केन्द्र निर्माणका लागि धोबीघाट क्षेत्रमा मात्र जग्गा उपलब्ध रहेको भए तापनि उक्त जग्गा दीर्घकालीन आवश्यकताका लागि पर्याप्त नहुने देखिन्छ। यस सन्दर्भमा, हालै थापाथलीस्थित बागमती नदी किनारमा रहेको सुकुम्बासी बस्ती हटाइएपछि खाली भएको जग्गा तथा विष्णुमती करिडोर अन्तर्गत बसपार्क क्षेत्र आसपासका उपयुक्त सरकारी जग्गाहरू ढल प्रशोधन केन्द्र निर्माणका लागि उपयोग गर्न सकिने देखिन्छ। यी स्थानहरूमा ढल प्रशोधन केन्द्र स्थापना गर्न सकिएमा बागमती तथा विष्णुमती नदीमा प्रत्यक्ष मिसिने अप्रशोधित फोहोरपानी प्रशोधन भई नदीहरूको प्रदूषण न्यूनीकरण हुनुका साथै धोबीघाट ढल प्रशोधन केन्द्रमा पर्ने भारसमेत कम हुने देखिन्छ।

उक्त स्थानहरूमा आधुनिक प्रविधिमा आधारित भूमिगत (Underground) वा अर्धभूमिगत ढल प्रशोधन केन्द्र निर्माण गर्न सकिने, जसबाट दुर्गन्ध तथा वातावरणीय असर न्यून रहने र संरचनाको माथिल्लो भागलाई हरियाली क्षेत्र वा सार्वजनिक पार्कका रूपमा विकास गर्न सकिनेछ। साथै, सरकारी जग्गाको उपयोगबाट नयाँ जग्गा प्राप्तिका लागि लाग्ने मुआब्जा तथा सम्बन्धित कानुनी प्रक्रियामा लाग्ने समय र राज्यको ठूलो आर्थिक भारसमेत बचत हुने देखिन्छ।

अतः बागमती तथा यसका सहायक नदीहरूलाई ढलमुक्त बनाउने अभियानलाई टेवा दिन तथा उपलब्ध सरकारी जग्गाको प्रभावकारी उपयोगका लागि थापाथलीस्थित बागमती नदी किनारको जग्गा तथा विष्णुमती करिडोर अन्तर्गतका उपयुक्त सरकारी जग्गाहरू ढल प्रशोधन केन्द्र निर्माण तथा सञ्चालनका लागि उपलब्ध गराउने विषयमा पहल गरिदिनु हुन अनुरोध गरिन्छ।

........................
ई. रामकुमार श्रेष्ठ
आयोजना निर्देशक

बोधार्थ

१. श्री काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड, सैंवु, भैसेपाटी ।